लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य, मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

## सेवा करार पदपूर्ति सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३।०१।२४

यस निर्देशनालयको आ.ब. ०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार खुला प्रतिस्पर्धाबाट चालू आ.व. आषाढ मसान्त सम्मका लागि तपसिल बमोजिम जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले आवश्यक न्यूतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित राजस्व तिरेको सक्कल भौचर सहित लोकसेवा आयोगको फारमको ढाँचामा दरखास्त दिनु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशीत गरिएको छ।

| सि.नं | विज्ञापन नं | पद | तह | कार्यक्षेत्र | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/०८२/८३ | मनोविद | सातौ (प्राविधिक) | लुम्बिनी प्रदेश, स्वास्थ्य निर्देशनालयमा रही SaMi कार्यक्रम लागू भएका स्थानीय तहहरुमा। | १ जना |
| २ | २/०८२/८३ | बिद्यालय नर्स | सहायक पाचौ | श्री बलभद्र नमुना माध्यमिक विद्यालय, थवाङ रोल्पा। | १ जना |
| ३ | ३/०८२/८३ | बिद्यालय नर्स | सहायक पाचौ | श्री दुर्गा भवानी कन्या माध्यमिक विद्यालय, महाराजगन्ज, कपिलवस्तु। | १ जना |
| ४ | ४/०८२/८३ | हे.अ./ स्टाफ नर्स | सहायक पाचौ | प्रादेशिक प्रेषण केन्द्र, लुम्बिनी प्रदेश। | १ जना |

१. **<u>शैक्षिक योग्यता र अनुभवः</u> न्यूनतम शैच्छिक योग्यताः-**

क. मनोविदः (सुरक्षित आप्रवासन SaMi कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ ले तोके अनुसार)

मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान (क्लिनिकल साइकोलोजी मेजर, काउन्सेलिङ साइकोलोजीङ, स्कूल साइकोलोजी) मा स्नातकोत्तर उतिर्ण गरी कम्तिमा दुई वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भई मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरभाइज गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उतिर्ण गरी मनोसामाजिक परामर्शकर्ताहरुको सुपरमाइजर भएर कम्तीमा ३ वर्ष काम गरेको अनुभव भई राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (ToT) तालिम लिएको,

ख. विद्यालय नर्सः मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ परिषदको प्रमाण पत्र प्राप्त गरेको।

ग. हेल्थ असिस्टेन्ट/ स्टाफ नर्सः मान्यता प्राप्त शिक्षण संस्थाबाट हे. अ. को लागि सामान्य चिकित्सा विषयमा प्रविणता प्रमाणपत्र तह र स्टाफ नर्सका लागि नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल नर्सिङ परिषदको प्रमाण पत्र प्राप्त गरेको।

२. **उमेरः** १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको

३. प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

४. **दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपिहरु को पछाडी पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारमको ढाँचामा सम्पूर्ण बिबरणहरु भरी हालसालै खिचिएको पासपोर्टर साईजको २ प्रति फोटो सहित पेश गर्नु पर्ने छ ।अनुभवको हकमा अनुमति प्राप्त संस्थाबाट प्रदान गरिएको नियुक्ति पत्र, करार सम्झौता, कामको कर्यबिबरण र अवकाश पत्र/करार अन्त्यको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेश गर्नु पर्ने छ।

५. **सेवाको किसिम :** कार्यक्रम करार।

६. **छनौट को आधार र प्रक्रिया :** संक्षिप्त सूचि र अन्तर्वाता (संक्षिप्त सूचिमा परेकालाई अन्तर्वाताको लागि छनौट गरिनेछ)

७. **दरखास्त बुझाउने स्थानः** स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी) नेपाल।

८. **दरखास्त दिने अन्तिम मितीः**-सूचना प्रकाशित भएको मितीको १५ दिन भित्र। दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न नगएमा त्यस पछी कार्यालय खुलेको दिनको वेलुकी ५ बजेसम्म बुझाउन सकिने छ।

९. **परीक्षा दस्तुर** : यस स्वास्थ्य निर्देशनालयमा (कार्यालय कोड नं ३७००१५६०५५) राजश्व शिर्षक नं १४२२४ मा मनोविद पदका लागि रु.१२००/- (एक हजार दुई सय) र विद्यालय नर्स र हे.अ./ स्टाफ नर्स पदका लागि रु.४००/-(चार सय) रुपैयाँ नेपाल बैंक लिंमिटेटमा जम्मा गरेको सक्कल भौचर साथ फाराम पेश गर्नु पर्ने छ ।

१०. **तलव भत्ता तथा अन्य सुविधाः** सम्झौता अनुसार

११. **अन्तरवार्ताको सुचनाः-** संक्षिप्त सूचीमा परेका सहभागीहरुको नामावली प्रकाशन तथा अन्तरवार्ताको सूचना निर्देशनालयको वेभसाइट www.hd.lumbini.gov.npमा प्रकाशित गरिनेछ । बिस्तृत जानकारीका लागि स्वास्थ्य निर्देशनालयको फोन नं सम्पर्क ०८२-५९४३५ वा www.hd.lumbini.gov.np मा हेर्न सकिन्छ ।

१२. रितपूर्वक पेश हुन नआएको निवेदन उपर कुनै कार्वाहि हुने छैन ।

पदपुर्ति समिति